गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

**आर्थिक वर्षः ४ | अंकः ३५ | महिनाः ३५ | मंगसिर २०८२**

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा मङसिर महिनामा सम्पादित कार्यक्रम

### विश्व एड्स दिवस २०२५ को अवसरमा पत्रकार तथा सरोकारवाला बिच छलफल कार्यक्रम

प्रदेश जनस्वास्वास्थ्य कार्यालय बागलुङको आयोजनामा ३८ औं विश्व एड्स दिवस २०२५ "अवरोधहरू पार गरौं, एड्स प्रतिकार्य रूपान्तरण गरौं! "World AIDS Day 2025: Overcoming disruption, transforming the AIDS response!"भन्ने मुल नाराका साथ पत्रकार तथा सरोकारवाला विच छलफल कार्यक्रम सम्पन्न भएको छ ।







कार्यक्रममा बागलुङमा रहेका सञ्चारकर्मी तथा सरोकारवाला बिच एच. आई. भि. एडसको परिचय ,सर्ने माध्यम, अहिलेको अवस्था, रणनिति र भेदभाव र हेयभाव घटाउन गरिने व्यबहारको बारेमा बरिष्ठ क्षयकुष्ठ निरिक्षक देव प्रकास घिमिरेले प्रस्तुतिकरण गर्नुभएको थियो भने कार्यक्रमको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रविण शर्मा तथा स्वागत र उद्देश्यको बारेमा तथ्याङ्क अधिकृत घनश्याम सापकोटाले प्रकाश पार्नुभएको थियो।कार्यक्रममा धौलागिरि पोजेटिभ समहु तथा अन्य सरोकारवाला बिच समन्वय गरिएको थियो ।सञ्चारकर्मी सँगको छलफलमा कसरी रोगलाई कम गर्ने र रोग लागिसके पछि पनि हेला र घृणा कम गर्न संचार माध्यमको महत्वपुर्ण भुमिका रहेको भन्ने बारे छलफल भएको थियो।

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा मङसिर महिनामा सम्पादित कार्यक्रम

### विद्यालय नर्सहरुको लागि अभिमुखीकरण कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको समन्वय एवं फेयरमेड तथा एन.जी.डी.एफ को साझेदारीमा संचालित सम्बोधन परियोजनाको प्राविधिक सहयोगमा मिति २०८२ मङसिर २३ र २४ गते “विद्यालय नर्सहरुको लागि अभिमुखीकरण कार्यक्रम” सम्पन्न गरिएको छ।

विद्यालय नर्सहरूलाई विद्यालय स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न आवश्यक ज्ञान, सीप र समन्वय क्षमता अभिवृद्धि गर्ने, विद्यार्थीहरूमा देखिने सामान्य स्वास्थ्य समस्या, पोषण समस्या र मानसिक स्वास्थ्य मुद्दा को पहिचान र व्यवस्थापनमा क्षमता

विकास गर्ने तथा विद्यालय नर्सहरूबीच अनुभव आदानप्रदान र नेटवर्किङ को अवसर सिर्जना गर्ने उद्देश्यले उक्त कार्यक्रम संचालन गरिएको हो।









उक्त कार्यक्रममा बागलुङ जिल्लामा कार्यरत छ जना विद्यालय नर्सको सहभागिता रहेको थियो भने प्रदेश जनस्वास्थ्य कार्यालयबाट तथ्यांक अधिकृत घनश्याम सापकोटा, जनस्वास्थ्य अधिकृत समिता घिमिरे र जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माले प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको थियो। कार्यक्रमको उद्घाटन सत्रमा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख प्रविण शर्माले विद्यालय नर्स कार्यक्रमको महत्व, विद्यालय नर्सको भूमिका तथा अभिमुखीकरण कार्यक्रमका विभिन्न सत्रमा संचालन गरिने क्रियाकलापबारे दिशानिर्देश गर्नुभएको थियो। उद्घाटन सत्रमा फेयरमेड फाउण्डेशनका टिम लिडर गणेश बरुवालको समेत उपस्थिति रहेको थियो।


## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा मङसिर महिनामा सम्पादित कार्यक्रम

### Geo-enabled microplanning Initiative for immunization" विषयमा भर्चुअल सेसन

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ द्वारा स्वास्थ्यकर्मीहरुको नियमित क्षमता अभिवृद्धिलाई सघाउने उदेश्य सहित मासिक भर्चुअल सेसन " Continue Public Health Education" को सुरुवात गरिएको छ। मिति २०८२/८/२६ गते प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा सुरु गरिएको मासिक भर्चुअल सेसन Continue Public Health Education Session 1 अन्तर्गत २०८२ मंसिर महिनाको virtual सेसन "Geo Enabled Micro Planning For Immunization" शिर्षकमा सम्पन्न भएको छ ।


उक्त सेसनको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका खोप अधिकृत राजु खत्रीले गर्नुभएको थियो भने सहजिकरण प्रादेशिक स्वास्थ्य तालिम केन्द्र पोखराका तथ्याङ्क अधिकृत प्रवीण भण्डारीले गर्नुभएको थियो। १ घन्टा भन्दा लामो सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट जुम आइडी मार्फत करिव ७० जना भन्दा बढी स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो ।










## बागलुङ जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा मङसिर महिनामा सम्पादित कार्यक्रम

### बागलुङ नगरपालिका

- बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा सम्बन्धी पालिकास्तरीय निर्देशक समितिको अभिमुखीकरण बैठक सम्पन्न ।
- गर्भवती महिलाहरूको लागि ग्रामीण भिडियो एक्सरे कार्यक्रम संचालन।
- नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन सम्बन्धी स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न।

### गलकोट नगरपालिका

- "स्वस्थ मन, स्वस्थ जीवन: मानसिक स्वास्थ्य सचेतना अभियान २०८२" ।
- अन्तर्गत दुदीलाभाटी स्वास्थ्य चौकी र काडेबास स्वास्थ्य चौकी अन्तर्गत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको सक्रिय उपस्थितिमा मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन ।
- बौर आधारभूत स्वास्थ्य केन्द्रमा स्वास्थ्य संस्थाबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रभाव गर्न स्वास्थ्य संस्थाको तयारी अवस्थाको मुल्यांकन र तोकिएको मापदण्ड बमोजिम पुरा

- प्रजनन  रुनताको एकीकृत तथा व्यवस्थापन सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर सम्पन्न।
- राष्ट्रिय सामुदायिक महिला स्वयंसेविका दिवस मनाईएको।
- मानसिक सचेतना अभियानको सुरुवात गरिएको ।
- किशोर किशोरी स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको।
- क्षयरोग सम्बन्धी विद्यालय स्तरीय स्वास्थ्य शिक्षा संचालन गरिएको।
- डाटा भेरिफिकेसन तथा मासिक समीक्षा बैठक सम्पन्न गरिएको।
- लैङ्गिक हिंसा विरुद्धको अभियानमा जेसी सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।




- गर्नुपर्ने बाँकी कार्यहरुलाई समेटि कार्ययोजना समेत निर्माण गरि न्यूनतम सेवा मापदण्डको स्वःमूल्याङ्कन कार्यक्रम।
- गलकोट नगरपालिका वडा नम्बर ५ हरिचौरमा रहेको गलकोट नगर अस्पतालले डिजिटल स्वास्थ्य कार्ड सहितको डिजिटल प्रणाली सुरु ।
- गलकोट नगरपालिका अन्तर्गत स्वास्थ्य सँस्थामा बालरोग एकिकृत व्यवस्थापन कार्यक्रमको स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न ।
- २२ औ राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका दिवस २०८२ को अवसरमा बक्तृत्वकला प्रतियोगिता तथा मनोरन्जनात्मक कार्यक्रम सम्पन्न ।
- दिर्घकालिन सेवा प्रदान गरेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई नगद रु २००००। बीस हजार रुपैया र प्रमाणपत्र सहित सम्मान तथा बिदाई कार्यक्रम ।
- गलकोट नगर अस्पतालमा Echo सेवा सहित मुटुरोग सम्वन्धी निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम
- विश्व एड्स दिवस २०२५ को अवसरमा जोखिम समुहमा स्क्रीनीङ कार्यक्रम सम्पन्न ।
- विभिन्न विद्यालयमा अर्धबार्षिक रूपमा जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न ।
- लामो अवधीको परिवार नियोजन सेवा कार्यक्रम सम्पन्न ।
- स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाको प्रमुखको उपस्थितिमा न्युनतम सेवा मापदण्डको मुल्याङ्कनका सुचकहरुको बारेमा अभिमुखिकरण तथा छलफल, फिजियोथेरापिको सम्बन्धि अभिमुखिकरण, रेविज रोग सम्बन्धि अभिमुखिकरण तथा डाटा भेरिफिकेशन सहित नियमित मासिक  बैठक सम्पन्न।
- गलकोट नगर अस्पतालमा मासिक pap smear जाँच।
- रेविज सम्बन्धी विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम।

## जैमिनी नगरपालिका

- कार्तिक महिनामा संम्पादित स्वास्थ्यका कार्यक्रमको समिक्षा तथा डाटा भेरिफिकेसन।
- विद्यालयका बिद्यार्थीहरु लाई जुकाको अ ौषधि खुवाउने कार्यक्रम सम्पन्न ।
- सम्बोधन परियोजनाको सहकार्यमा बिनामारेमा स्वास्थ्य चौकी अन्तरगतका समुदायमा साथ कार्यक्रम संचालन गरीएको।

## ढोरपाटन नगरपालिका

- बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा सम्बन्धी पालिकास्तरीय तथा वडा स्तरिय निर्देशक समितिको अभिमुखीकरण।
- समुदाय स्तरमा "साथ" कार्यक्रम सन्चालन।
- गर्भवती महिलाहरूको लागि ग्रामीण भिडियो एक्सरे कार्यक्रम
- नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन सम्बन्धी स्थलगत अनुशिक्षण कार्यक्रम ।

- सबै वडामा महिला सामुदायीक स्वास्थ्य स्वयंम सेविकाहरूको मासिक समिक्षा सम्पन्न
- सबै वडाहरुमा महिला सामुदायिक स्वास्थ्य सेविका दिवस मनाउने कार्यक्रम सम्पन्न ।
- सबै वडाहरुमा सरसफाई प्रवर्धन कार्यक्रम संचालन गरिएको ।
- गर्भवती महिलामा गर्भको जटिलता पहिचान गरी प्रेषणको लागि ग्रामिण भिडियो एक्स रे सेवा कार्यक्रम संचालन गरिएको।
- मानसिक रोग सम्बन्धि समुदाय स्तरमा सचेतना कार्यक्रम संचालन गरिएको ।
- प्रजनन रुनताको एकीकृत तथा व्यवस्थापन सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर ।
- राष्ट्रिय सामुदायिक महिला स्वयंसेविका दिवसको अवसरमा हाजिरिजवाफ तथा Success story telling कार्यक्रम।
- महिला स्वास्थ्य स्व्यम सेविकाहरुको लागि नसर्ने रोग तथा मानसिक रोग समबन्धि अभिमुखिकरण कार्यक्रम।
- डाटा भेरिफिकेसन तथा मासिक समीक्षा बैठक।
- विद्यालमा अध्यन्नरत बालबालिकाहरुको लागि जुकाको औषधि सेवन कार्यक्रम ।

## निसिखोला गाउँपालिका

- मासिक समीक्षा बैठक सम्पन्न गरिएको।
- समुदाय स्वास्थ्य शिक्षा संचालन गरिएको ।
- विद्यालयमा जुकाको औषधि खुवाउने कार्यक्रम सन्चालन गरिएको।
- म.स्वा.स्व.सेविका दिवस विभिन्न कार्यक्रम सहित मनाईएकोको ।
- विश्व एड्स दिवस मनाइएको।
- अपाङ्गता दिवस मनाइएको ।
- लैङ्गकि समानता र समावेशिकरण सम्बन्धि अन्तरकृया कार्यक्रम संचालन गरिएको।
- समुदायमा धामीझाँक्री तथा अगुवालाई स्वास्थ्य शिक्षा प्रदान गरिएको।

## बडीगाड गाउँपालिका

- स्वास्थ्य संस्था स्तरिय मासिक समिक्षा बैठक संचालन ।
- लाईन्स क्लव अप बुटवल क्षितिज को सहकार्यमा बडिगाड आधारभुत अस्पतालमा निशुल्क विशेषज्ञ स्वास्थ्य शिविर संचालन।
- एकिकृत जनस्वास्थ्य अभियान कार्यक्रम अन्तर्गत वडा न ७ असारे गाउँघर क्लिनिकमा एकिकृत घुम्ति स्वास्थ्य शिविर संचालन।
- विद्यालय स्वास्थ्य शिक्षा एव Albendazole वितरण ।
- समुदाय स्तरमा स्वास्थ्य प्रवर्धन तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन ।
- अन्तर्राष्ट्रिय एड्स दिवस (०१ dec २०२५ ) , अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस (५ dec २०२५) को सन्दर्भमा बिभिन्न कार्यक्रम गरी सम्पन्न गरिएको ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान(२५ Nov-१० Dec २०२५) को सन्दर्भमा महिला बालबालिका शाखा सँगको सहकार्यमा विभिन्न कार्यक्रम संचालन ।

## काठेखोला गाउँपालिका

- २०८२ कार्तिक महिनामा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको स्वास्थ्य संस्था प्रमुखहरुसँग मासिक समीक्षा कार्यक्रम संचालन।
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत लैंगिक हिंसा तथा समावेशीकरण कार्यक्रमको अभिमुखिकरण कार्यक्रम संचालन ।

## बरेङ गाउँपालिका

- मङ्सिर महिनाको ९ गते सुखौरा स्वास्थ्यचौकीमा पालिका स्तरीय मासिक समिक्षा, डाटा भेरिफिकेशन तथा PAMS v२ सम्बन्धी छलफल।
- अन्तर्राष्ट्रिय एड्स दिवस(०१ dec २०२५) को सन्दर्भमा वडा नं ४ कार्यालयमा कार्यक्रम।
- अन्तर्राष्ट्रिय अपाङ्गता दिवस(४ dec २०२५) को सन्दर्भमा वडा नं १ कार्यालयमा अपाङ्गता सचेतना कार्यक्रम।

- सरोकारवालाहरुसँग न्युनतम सेवा मापदण्ड(MSS) सम्बन्धि कार्यक्रम संचालन।
- MNH कार्यक्रमको समीक्षा कार्यक्रम संचालन।
- स्याटेलाइट क्याम्प संचालन ।
- सम्पूर्ण विद्यालयहरुमा Albendazole वितरण तथा स्वास्थ्य शिक्षा कार्यक्रम ।
- २२ औं महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका दिवस कार्यक्रम।
- विश्व एड्स दिवसमा जनचेतनामुलक कार्यक्रम संचालन।
- लेखानी सामुदायिक स्वास्थ्य इकाइमा पोषण कार्यक्रम सम्बन्धी पोषिलो लिटो सम्बन्धी कार्यक्रम प्रदर्शनी कार्यक्रम सम्पन्न।
- अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस(५ dec २०२५) को सन्दर्भमा वडा नं २ का महिला स्वास्थ्य स्वयंसेविकाहरुको बिचमा हाजिरी जवाफ प्रतियोगिता।
- सवै विद्यालयहरुमा जुकाको औषधि वितरण।
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएकाहरुको लागि प्रथम त्रैमासिक उपचार खर्च भुक्तानी।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान(२५ Nov-१० Dec २०२५) को सन्दर्भमा महिला बालबालिका तथा समाज कल्याण शाखा सङ्गको सहकार्यमा विभिन्न कार्यक्रम।

## तमानखोला गाउँपालिका

- स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिएका कार्यक्रमहरुको एकिकृत मासिक समीक्षा तथा डेटा भेरिफिकेसन कार्यक्रम सम्पन्न गरिएको।
- कक्षा १ देखि १० सम्मका सबै बिद्यार्थीहरुलाई जुकाको औषधी बितरण तथा बिद्यालय स्वास्थ शिक्षा कार्यक्रम सम्पन्न गरिएको।
- राष्ट्रीय महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका दिवश मनाईएको ।
- नियमित ग्रामीण अल्ट्रासाउण्ड सेवा प्रदान गरिएको।

## ताराखोला गाउँपालिका

- मासिक समिक्षा बैठक सम्पन्न ।
- क्षयरोग कार्यक्रमको आ. व. २०८१।०८२ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न ।
- MNH कार्यक्रमको आ. व. २०८१।०८२ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न।
- विद्यालयमा जुकाको औषधी बितरण तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।
- म. स्वा. से. दिवशको अवसरमा उत्कृष्ट म स्वा से लाई सम्मान कार्यक्रम।
- न्युनतम सेवा मापदण्ड सम्बन्धि कार्यक्रम संचालन।
- IMNCI कार्यक्रमको onsite coaching कार्यक्रम संचालन।
- MNH कार्यक्रमको onsite कार्यक्रम संचालन।
- निशुल्क ग्रामीण भिडियो एक्सरे कार्यक्रम सम्पन्न।

# हार्दिक स्वागत तथा सफल कार्यकालको शुभकामना !




प्रादेशिक स्वास्थ्य तालिम केन्द्रबाट सरुवा भई प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङमा आउनुभएको जनस्वास्थ्य प्रशासक प्रविण शर्मा २०८२/०८/१५ देखि हाजिर हुनु भएकोमा हार्दिक बधाई सहित स्वागत गर्दछौ !

कृषी विकास कार्यालय, बागलुङबाट सरुवा भई आउनुभएको सहायक प्रशासकिय अधिकृत श्री रिता राना पुन ज्यूलाई प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङमा हार्दिक स्वागत गर्दछौं !



-प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ

प्रकाशित मितिः २०८२ पौष १